# मार्मा गाउँपालिका गाउँ कार्यपालिका बैठक निर्णय पुस्तिका

आज मिति २०८३ साल भाद्र महिनाको १८ गते का दिन यस मार्मा गाउँपालिकाका उपाध्यक्ष श्री शर्मिला कुमारी चन्द सिंह ज्यूको अध्यक्षतामा मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारका निर्णयहरु पारित गरिए।

<u>उपस्थित</u>

श्री शर्मिला कुमारी चन्द सिंह- उपाध्यक्ष मार्मा गाउँपालिका

श्री कालु सिह ठगुन्ना- वडा अध्यक्ष वडा नं. १

श्री अमर बिष्ट- वडा अध्यक्ष वडा नं. २

श्री धिरेन्द्र सिह धामी - वडा अध्यक्ष वडा नं. ३

श्री बिर सिह धामी - वडा अध्यक्ष वडा नं. ४

श्री सुरेन्द्र सिह महता - वडा अध्यक्ष वडा नं. ५

श्री सन्तोष सिह कोट्टारी - वडा अध्यक्ष वडा नं. ६

श्री जमुना ठगुन्ना - कार्यपालिका सदस्य

श्री पारसा देवी जोशी - कार्यपालिका सदस्य

श्री पारभती सिह - कार्यपालिका सदस्य

श्री सुस्मिता धामी - कार्यपालिका सदस्य

श्री गोविन्द नेपाली - कार्यपालिका सदस्य

श्री धमेन्द्र जोशी – सदस्य सचिव

# मार्मा गाउँपालिका गाउँ कार्यपालिका बैठक निर्णय पुस्तिका

**प्रस्तावहरु**

१. भोटेकोशी बाढी पिडितहरुलाई समवेदना तथा मृतकहरुमा श्रद्धाञ्जली सम्बन्धमा।
२. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने सम्बन्धमा।

**निर्णय नं. १ः** प्रस्ताव नं. १ माथि छलफल गर्दा सम्वत् २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गरियो साथै शोकसन्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो।

**निर्णय नं. २ः** प्रस्ताव नं. २ माथि छलफल गर्दा सम्वत् २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित भएका बाढी पिडितहरुका लागि मार्मा गाउँपालिका, राष्ट्रसेवक कर्मचरी र जनप्रतिनिधिहरुको तर्फबाट तपसिल अनुसारको राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।

**क)** यस कठिन घडीमा प्रभावित क्षेत्रका नागरिकहरूको उद्धार, राहत र पुनःस्थापनामा सहयोग पुर्‍याउनु स्थानीय सरकारको मानवीय दायित्व र ऐक्यबद्धता भएकाले मार्मा गाउँपालिकाको तर्फबाट राहत स्वरूप नगद रु. २,५१,०००।- (अक्षरेपी दुई लाख एकाउन्न हजार मात्र) नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।

**ख)** सम्वत् २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिको राहत तथा पुर्नस्थापना कार्यमा मार्मा गाउँपालिका अन्तर्गतका राष्ट्रसेवक कर्मचारीहरुको तर्फबाट योगदान गर्न श्रेणी बिहीन वा सो सरहका कर्मचारीहरुबाट मासिक सुरु तलब स्केलको २ दिनको, सहायक स्तर वा सो सरहका (चौथो र पाँचौ) कर्मचारीबाट ५ दिनको, र राजपत्राङ्कित तृतिय श्रेणी वा अधिकृत स्तर वा सो सरहका ( छैटौं, सातौं) कार्मचारीबाट ७ दिन बराबरको तलब/पारिश्रमिक कट्टा गरि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने निर्णय गरियो।

**ग)** सम्वत् २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिको राहत तथा पुनस्थापना कार्यमा मार्मा गाउँपालिका अध्यक्षबाट मासिक पाउने १ महिनाको सेवा सुविधा बराबर, गाउँपालिका उपाध्यक्षबाट मासिक पाउने सेवा सुविधाको १ महिना बराबर, वडा अध्यक्षहरुको तर्फबाट मासिक पाउने सेवा सुविधाको १५ दिन बराबर र अन्य कार्यपालिका सदस्यहरुबाट मासिक पाउने सेवा सुविधाको ७ दिन बराबर प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।